म.जि.प्र.का दर्ता नं:
१०४/०६७/०६८

बागमती प्रदेशको राजधानी हेटौंडाबाट प्रकाशित लोकप्रिय 'क' वर्गको समाचारपत्र

# समृद्ध समाज

SAMRIDDHA SAMAJ NATIONAL DAILY राष्ट्रिय दैनिक

समृद्धि प्रकाशन प्रा. लि.
हेटौंडा, मकवानपुर

म.जि.हु.का.द.नं.
३०/०६९/०७०

वर्ष:१६ अङ्क:- ८५ २०८१ माघ २९ गते मंगलबार 11 February 2025, Tuesday - पृष्ठ ४ मूल्य रु. ५/-

## गाडीको ठक्करबाट चितुवाको मृत्यु

हेटौंडा : हेटौंडा-अमलेखगन्ज सडक खण्डमा सवारी साधनको ठक्करबाट चितुवाको मृत्यु भएको छ । सोमबार बेलुकी करिब साढे ८ बजेको समयमा सवारी साधनको ठक्करबाट वयस्क चितुवाको घटनास्थलमै मृत्यु भएको हो ।

सडकमा चितुवा मृत अवस्थामा देखेपछि प्रहरी उपस्थित भएको थियो । चितुवालाई ठक्कर दिने गाडीको पहिचान हुन सकेको छैन । यसअघि २०७७ साल पुसमा सवारी साधनको ठक्करबाटै अमलेखगन्ज-पथलैया सडकखण्डमा दुर्लभ पाटेबाघको मृत्यु भएको थियो ।

# भ्रष्टाचारमा संलग्न ठुला माछाहरु अख्तियारले पक्राउ गर्नुपर्छः देवकोटा




अख्तियारको वार्षिकोत्सव समारोहलाई सम्बोधन गर्नुहुँदै बागमती प्रदेश प्रमुख दिपक प्रसाद देवकोटा ।

समाज संवाददाता

हेटौंडा : बागमती प्रदेश प्रमुख दीपक प्रसाद देवकोटाले अख्तियार दुरुपयोग अनुसन्धान आयोगले सबै प्रकारका भ्रष्टाचारमा संलग्न ठुला माछा पक्राउ गर्नुपर्ने बताउनुभएको छ । उहाँले साना भ्रष्टाचारका घटनालाई छानविन र कारवाही गरी मुद्दाको संख्यामात्र बढाउने नभई ठुला र सबै प्रकारका भ्रष्टाचारी माछाहरु समात्न सक्नु पर्ने बताउनुभयो ।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगको वार्षिकोत्सवको अवसरमा सोमबार हेटौंडास्थित आयोगको कार्यालयमा आयोजित सभालाई सम्बोधन गर्नुहुँदै प्रदेश प्रमुख देवकोटाले जनताको निराशा चिर्दै भ्रष्टाचारको विरुद्ध खरो उत्रिन सक्नु पर्ने बताउनुभयो । बेईमानीका विरुद्धको कदम चाल्ने विषयमा खुट्टा नकमाउन उहाँले अख्तियारलाई आग्रह गर्नुभयो । चुनौती चिर्दै अघि बढ्दा खास सफलता प्राप्त हुने उहाँले बताउनुभयो । अख्तियारको प्रगति फिक्नो देखिएको र उक्त विषयमा गम्भीर हुनुपर्ने उहाँको भनाई छ ।


'भ्रष्टाचार जघन्य अपराध हो । यसको निन्दा कुनै शब्दमा लिन सकिँदैन । आफ्नो अख्तियारीलाई दुरुपयोग गरी देश, जनता र सुशासनको विरुद्ध नैतिकता र कानुन विपरित जाने जो कोहीलाई सुक्ष्म अनुसन्धान र निष्पक्ष कारवाही प्रक्रियामा अघि बढाउनु पर्दछ', प्रदेश प्रमुख देवकोटाले भन्नुभयो, 'अख्तियारलाई साना/साना भ्रष्टाचारका मुद्दामा हात हालेर संख्यात्मक विवरण पेश गर्ने तर ठुला र संस्थागत भ्रष्टाचार का मुद्दाहरुमा हात हाल्न हिचकिचाउने भन्ने आरोपहरु पनि लागेको पाईन्छ । यी आरोपलाई गलत साबित गराउन साना/ठुला सबै प्रकृतिका भ्रष्टाचारी माछाहरुलाई पक्रिन सक्नु पर्दछ ।'

उहाँका अनुसार कार्यसम्पादनमा देखिएको सुस्तताले युवाहरुमा निराशा बढाइरहेको छ । राज्यका निकायहरुलाई दोषारोपण गरेर ढिलासुस्ती गर्ने छुट नरहेको र तिव्र रुपमा गतिशील विश्वको लय समाउन सबैले परिस्कृत हुनुपर्ने उहाँले बताउनुभयो । भ्रष्टाचार हुन नदिन ईमान्दारिता, पारदर्शिता र सुशासनका विषयवस्तु विद्यालय र कलेजका पाठ्यक्रममा समावेश गरिनुपर्ने उहाँको धारणा रहेको छ ।

कार्यक्रममा प्रदेशका आन्तरिक मामिला तथा कानुन मन्त्री सुरजचन्द्र लामिछानेले भ्रष्टाचार देश विकास र समृद्धिको बाधक भएको बताउनुभयो । भ्रष्टाचारका कारण नागरिकको मौलिक हक उपभोगमा समेत बाधा पुऱ्याउने उहाँले बताउनुभयो । पछिल्लो समय देशमा नीतिगत भ्रष्टाचार र कामचोरी बढेको उहाँको भनाई छ । भ्रष्टाचारको अंक दिनप्रतिदिन बढिरहेकोले यसको अन्त्य गर्ने जिम्मेवारी अख्तियारको मात्र नभई सम्पूर्ण नागरिक समाज, निजी क्षेत्रको समेत भएको उहाँको भनाई छ ।

प्रदेश सरकार सुशासन पारदर्शीता कायम गर्न प्रतिवद्ध रहेको उहाँले बताउनुभयो । मन्त्री लामिछानेले प्रदेश सरकार न्याय प्रणालीको सुदृढीकरण र प्रशासनिक क्षेत्रमा सुधारका लागि अघि बढिरहेको बताउनुभयो । नीति निर्माण, बजेट व्यवस्थापन, सार्वजनिक खरिद प्रक्रियामा पारदर्शीता र निष्पक्षता कायम गर्न सरकार जिम्मेवार ढंगबाट अघि बढेको उहाँले बताउनुभयो ।

# बिमा ओपिडी पुनः दर्ता सहज


बागमती प्रदेश सरकार
स्वास्थ्य मन्त्रालय
मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठान
हेटौंडा अस्पताल
हेटौंडा,नेपाल

पत्र संख्या: २०८१/०८२

मिति: २०८१/०१०/२८

सुचना! सुचना!! सुचना!!!

नेपाल सरकार स्वास्थ्य बिमा अन्तर्गतका बिरामीहरुले १ पटक OPD टिकेट दर्ता गरिसकेपछी ७ दिन सम्म दर्ता नगरी फलोअप गर्न सक्ने प्रावधान बमोजिम प्रत्येक दिन एकै बिरामीले दर्ता गर्नको लागि मात्र काउन्टरमा लाइन बस्न नपर्ने गरि सिस्टममा व्यवस्था गरिसकेको हुनाले मिति २०८१/१०/२९ गते बाट दर्ता भएको मितिले ७ दिन सम्म पुन: दर्ताको लागि लाइन नबसी सेवाहरुको बिलिंग / फार्मेसीबाट औषधि वितरण गर्ने व्यवस्था मिलाइएको जानकारी सहित अनुरोध छ ।

यस व्यवस्था बमोजिम डाक्टर संग Consult गर्नको लागि पनि ७ दिन भित्र पुन: दर्ता नगरी सिधै डाक्टर भेट्न सकिने र Consult गरिसकेपछी सम्बन्धित डाक्टरले नियमितरूपमा छाप(मिति,नाम,NMC.no) अनिवार्य लगाउन पर्ने, अनि मात्र आवश्यक बिलिंग तथा औषधि लिन सम्बन्धित काउन्टरमा जाने व्यवस्था रहेको अनुरोध छ ।

अस्पताल प्रशाशन

समाज संवाददाता

हेटौंडा: हेटौंडा अस्पतालमा मंगलबारबाट स्वास्थ्य बिमाका बिरामीको ओपिडी पुनः दर्ता प्रक्रिया सहज बनाइएको छ । मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठान अन्तर्गतको हेटौंडा अस्पतालले सोमबार सूचना प्रकाशन गरी बिमा ओपिडी टिकट पुनः दर्ताको लागि लाइन बस्न नपर्ने जनाएको हो ।

एक पटक ओपिडी टिकट दर्ता गरिसकेपछि ७ दिनसम्म बिरामीले सम्बन्धित विभागबाटै पुनः दर्ता गरेर फलोअप गर्न सकिने जनाइएको छ । जुन विभागबाट सेवा लिने हो, सोही विभागमा पुनः दर्ता गर्न सकिने व्यवस्था मिलाइएको सूचनामा उल्लेख छ ।

लाइन नबसी बिलिङ र फार्मेसीबाट औषधि लिन सकिने सूचनामा उल्लेख गरिएको छ । डाक्टरसँग कन्सल्ट गर्नका लागि ७ दिनभित्र पुनः दर्ता नगरी सिधै डाक्टर भेट्न सकिने बताइएको हो ।

डाक्टरसँग कन्सल्ट गरिसकेपछि भने सम्बन्धित डाक्टरको नाम, एनएमसी नम्बर र मिति उल्लेख गरिएको छाप अनिवार्य लगाउनु पर्नेछ । त्यसपछि मात्र बिलिङ तथा औषधि लिन सकिने सूचनामा बताइएको छ ।

# किशोर टण्डन अनेरास्ववियूको उपाध्यक्ष



किशोर टण्डन ।

समाज संवाददाता

हेटौंडा : मकवानपुरका विद्यार्थी नेता किशोर टण्डन नेकपा एकीकृत समाजवादी निकट विद्यार्थी संगठन अखिल नेपाल राष्ट्रिय स्वतन्त्र विद्यार्थी युनियन (अनेरास्ववियू) को उपाध्यक्ष हुनुभएको छ । अनेरास्ववियूको आसन्न महाधिवेशन आयोजक कमिटीको रुपमा महेश श्रेष्ठको अध्यक्षतामा गत शुक्रबार घोषणा गरिएको १ सय ९९ सदस्यीय महाधिवेशन आयोजक कमिटीमा बागमती प्रदेशबाट मकवानपुरका टण्डन उपाध्यक्ष हुनुभएको हो ।

टण्डन यसअघि उपमहासचिव हुनुहुन्थ्यो । अनेरास्ववियूले सात प्रदेशबाट एक एक जना, विश्वविद्यालय, प्राविधिक शिक्षा र अन्य हेर्ने एक एकजना गरी १० जनालाई उपाध्यक्षको जिम्मेवारी दिएको छ । महासचिवमा राजन शर्मा पराजुलीलाई जिम्मेवारी दिइएको उपाध्यक्ष टण्डनले जानकारी दिनुभयो । आगामी २०८२ साल जेठ महिनामा महाधिवेशनको तयारी भइरहेको उल्लेख गर्नुहुँदै उपाध्यक्ष टण्डनले भन्नुभयो, 'आगामी महाधिवेशनबाट उमेर हद लागु हुनेछ । ३२ वर्ष भन्दा कम उमेरका विद्यार्थी मात्रै संगठनको सदस्य हुन पाउनेछन् ।'

# खैरो हिरोइनसहित अमन प्रजा पक्राउ



लागूऔषध खैरो हेराइनसहित पक्राउ परेका अमन प्रजा ।

समाज संवाददाता

हेटौंडा : लागूऔषध खैरो हेरोइन ५७० मिलि ग्रामसहित हेटौंडाबाट एकजनालाई मकवानपुर प्रहरीले पक्राउ गरेको छ । आइतबार साँझ ५ बजेर २१ मिनेटको समयमा प्रहरीले प्रजालाई हेटौंडा-१, चौकीटोलबाट २० वर्षीय अमन प्रजालाई पक्राउ गरेको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जनाएको छ ।

विशेष सूचनाको आधारमा वडा प्रहरी कार्यालयबाट खटिएको प्रहरी टोलीले प्रजालाई पक्राउ गरेको बताइएको छ । मनहरी गाउँपालिका-४, मसिने घर भई हाल हेटौंडा-२ चौकीटोलमा डेरा गरी बस्ने प्रजालाई हिरासतमा राखेर थप अनुसन्धान गरिरहेको प्रहरीले जानकारी दिएको छ । जिल्ला प्रहरी कार्यालय मकवानपुरले मकवानपुर जिल्ला अदालतबाट ५ दिनको म्याद थप अनुमति लिई प्रजालाई हिरासतमै राखेको छ ।

# हेटौंडा अस्पतालमा पुसमा २१ किशोरी आमा बने

समाज संवाददाता

हेटौंडाः हेटौंडा अस्पतालमा पुस महिनामा २० वर्षभन्दा कम उमेरका २१ जना किशोरी आमा बनेका छन् । अस्पतालमा २ सय ८३ जना गर्भवतीले शिशुलाई जन्म दिँदा किशोरावस्थामै २१ जना किशोरी आमा बनेको हेटौंडा अस्पतालका मेडिकल रेकर्ड सफलचन्द्र कँडेलले जानकारी दिनुभयो ।

पुस महिनामा हेटौंडा अस्पतालमा ७ वटा गर्भवतीको जटिल शल्यक्रिया गर्ने र शिशु निकाल्नु परेको र एक सय १८ जना गर्भवतीलाई शल्यक्रिया गरेर शिशु निकालिएको थियो । यस्तै एक सय ५८ जना गर्भवतीले सामान्यरुपमा शिशुलाई




जन्म दिएका थिए । यसअघि मंसिर महिनामा २० वर्षभन्दा कम उमेरका २२ जना किशोरी आमा बनेका थिए । ३ सय २२ जना आमा बन्दा किशोरावस्थामै २२ जना आमा बनेका हुन् । यस्तै, कात्तिक महिनामा २३ जना किशोरी आमा बनेका थिए । २ सय ९७ गर्भवतीले शिशुलाई जन्म दिँदा २० वर्षभन्दा कम उमेरमै २३ किशोरीले शिशुलाई जन्म दिएका हुन् ।

चालु आर्थिक वर्षको साउन महिनामा २६ जना, भदौमा १९ जना र असोजमा १२ जना किशोरी आमा बनेका थिए । गरिबी र अशिक्षाका कारण मकवानपुरका ग्रामीण क्षेत्रमा अझै बालविवाह नरोकिनुले किशोरीहरु आमा बन्ने क्रम जारी छ । हेटौंडा उपमहानगर भित्रका ग्रामीण वडामा पनि बालविवाह रोक्न सकिएको छैन । २० वर्षभन्दा कम उमेरमा विवाह गर्नु/गराउनु नेपालको वर्तमान कानुनले दण्डनीय अपराध ठहऱ्याएको छ । तर, मकवानपुरमा उमेर नपुगी बालविवाह गर्ने र किशोरीहरु आमा बन्ने क्रम भने रोकिएको छैन ।

# गाउँपालिका राष्ट्रिय महासंघको बैठक मकवानपुरगढीमा



समाज संवाददाता

हेटौंडाः सोमबार गाउँपालिका राष्ट्रिय महासंघ बागमती प्रदेश समितिको १० औं बैठक मकवानपुरको मकवानपुरगढी गाउँपालिकामा बसेको छ । २/२ महिनामा घुमफिर बैठक अन्तर्गत समितिका अध्यक्ष कर्णबहादुर मगरको अध्यक्षतामा बसेको बैठकले विभिन्न निर्णय गरेको छ ।

मकवानपुरगढी गाउँपालिका-२ का वडा अध्यक्ष बखान सिंह पाखिनका अनुसार विवाह उमेर १८ वर्ष कायम गराउन बागमती प्रदेश सरकारलाई ध्यानाकर्षणदेखि जनप्रतिनिधि, पालिकाको समस्या तथा चुनौती, अवसरबारे छलफल गरिएको छ । पालिकाको वस्तुगत प्रगति विवरण प्रस्तुत गर्नुहुँदै वडा अध्यक्ष पाखिनले समानरुपले बजेट वितरण, पालिकाको अध्यक्ष उपाध्यक्षबीचको समझदारी नहुँदा अड्किएका कामकारवाहीसँगै स्थानीय सरकार र प्रदेश सरकारबीच बाझिएका कानुन संशोधन गर्न प्रदेश सरकारलाई दवाब दिने निर्णय गरिएको छ ।

यस्तै, २० वर्ष विवाह उमेर हद कायम गर्दा कतिपयले कारागारमा जीवन बिताउनु परेको र घर तथा परिवारबाट टाढा हुने क्रम बढेको भन्दै विवाह उमेर हद १८ वर्ष कायम गर्न दवाब दिने निर्णय गरिएको छ । गिट्टी, बालुवा उत्खननमा समेत कानुनी झमेला रहेकाले संशोधन गर्न प्रदेश सरकारलाई दवाब दिने निर्णय गरिएको उहाँले जानकारी दिनुभयो । बैठकमा मकवानपुरगढी गाउँपालिकाका अध्यक्ष दोर्जे लामा स्याङ्तानलगायतको उपस्थिति रहेको थियो ।

|| विशेष आकर्षण ||



हेटौंडा आईडल

हेटौंडा आईडल
Construction Expo-2
निर्माण व्यवसायी संघ मकवानपुरको आयोजनामा यही मिति २०८१ फागुन ६ गतेदेखि १८ गतेसम्म हेटौंडा-१० टिसिएन चौर मा दोस्रो राष्ट्रिय निर्माण तथा व्यापार महोत्सव-२०८१ हुन गईरहेको छ । सोही अवसरमा हेटौंडा आईडल गायन प्रतियोगिता हुने भएकोले ईच्छुक नव गायकहरुले संपर्क कार्यालयमा सम्पर्क गरी रु. १००/- (रु. एकसय) को फारम खरिद तथा एक्यापि फोटो सहित २०८१ फागुन २ गतेसम्म बुकआउन हुन अनुरोध गरिन्छ ।
सम्पर्क :
निर्माण व्यवसायी संघ, मकवानपुर । हेटौंडा-४
सम्पर्क: ०५७-५२०८१६, ९८०६०७०००९ (दिपेश)

CONSTRUCTION EXPO-2
दोस्रो राष्ट्रिय निर्माण तथा ब्यापार महोत्सव-२०८१
फागुन २०८१ फागुन ६ गतेदेखि १८ गतेसम्म
स्थान : हेटौंडा-१०, टिसिएन चौर ।
आयोजक : निर्माण व्यवसायी संघ, मकवानपुर । सम्पर्क: ०५७-५२०८१६

महोत्सवका आकर्षणहरु
- निर्माण उपकरण तथा सामग्रीहरुको प्रदर्शनी एवम् बिक्री ।
- बहुराष्ट्रिय कम्पनीहरुको उत्पादनको प्रदर्शनी एवम् बिक्री ।
- सूचना प्रविधि प्रदर्शनी ।
- कृषि उत्पादनको प्रदर्शनी तथा कृषि प्रतियोगिता ।
- दैनिक राष्ट्रिय/स्थानीय कलाकारहरुको प्रस्तुती ।
- शैक्षिक, घरजग्गा, अटो तथा खाना महोत्सव ।
- मनोरञ्जनात्मक बाल उद्यान ।
- नविनतम उपकरणहरुको प्रदर्शनी ।
- नयाँ/नौलो प्रविधिको प्रदर्शनी ।

# "बालबालिकाको जोखिमलाई हेरेर हामीले बालबालिका मैत्री बनाउनुपर्छ"

हेटौंडा उपमहानगरपालिकाका १९ वटै वडा बालमैत्री वडा घोषणा भएका छन् । माघ २५ गते शुक्रबार १४ नम्बर वडालाई बालमैत्री वडा घोषणा गरेसँगै हेटौंडा उपमहानगरका १९ वटै वडा बालमैत्री घोषणा भएको हो । उपमहानगरका सबै वडा बालमैत्री घोषणा गरिएपछि पालिकालाई नै बालमैत्री घोषणाको तयारी भइरहेको छ । बालमैत्री वडा घोषणा गरिए पनि बालबालिका श्रममै रहेका, बालबालिकामैत्री संरचना, व्यवहार नभएको भनी आलोचना समेत भइरहेको छ । यसैसन्दर्भमा बालमैत्री पालिका घोषणाका लागि हेटौंडा उपमहानगरपालिकाको सम्बन्धित महाशाखाको रुपमा महिला, बालबालिका तथा समावेशीकरण महाशाखाकी निर्देशक विष्णुकुमारी लामिछानेसँग समृद्ध समाज राष्ट्रिय दैनिकका लागि सम्पादक सुरेश श्रेष्ठले गर्नुभएको कुराकानी :



विष्णुकुमारी लामिछाने, निर्देशक
महिला बालबालिका तथा समावेशीकरण महाशाखा

**समाज : हेटौंडा उपमहानगरपालिकाका सबै वडाहरु बालमैत्री घोषणा भइसकेका छन् । अब उपमहानगरपालिलाई नै बालमैत्री घोषणा गर्न लागिएको अवस्थामा के के काम गरेर उपमहानगरपालिका बालमैत्री घोषणा हुन तयार भयो ?**

**लामिछाने :** हेटौंडा उपमहानगरपालिकाले बालमैत्री शासन अबलम्बन गर्नका लागि पहिला प्रतिबद्धता व्यक्त गरिएको थियो । नगरभित्रका सम्पूर्ण सरोकारवालाको उपस्थितिमा उपमहानगर पालिकाले बालमैत्री स्थानीय शासनयुक्त पालिका बनाउने भनेर सबैको प्रतिबद्धतासहित हामीले हस्ताक्षर नै गऱ्यौं । त्यसपछि कार्यपालिका, नगरसभाबाट बालमैत्री शासनसँग सम्बन्धित विभिन्न कानुन बन्यो । नीति, कानुन कार्यान्वयनको चरणमा हामीले विभिन्न संरचनात्मक व्यवस्था पनि गरेका छौं । नगर र वडास्तरमा विभिन्न समितिहरु गठन भएका छन् । बालमैत्री सम्पर्क व्यक्तिहरु, सहजकर्ताहरु रहेका छन् । पछिल्लो चरणमा यसको दिगोपनाका लागि अगाडि बढ्न बालमैत्री सम्पर्क कर्मचारी पनि हामीले तोकेका छौं । यी विभिन्न कुराहरुलगायत बालकल्याण अधिकारी नियुक्त, बालमैत्री सम्पर्क कक्ष पनि स्थापना गरिएको छ । बाल समूह र नगरस्तरीय सञ्जालका बालबालिकालाई नियमित रुपमा बैठक बस्नका लागि सहज हुनेगरी पुष्पलाल पार्कमा बालमैत्री सम्पर्क कक्ष स्थापना गरेका छौं ।

**समाज : अब हेटौंडा उपमहानगरपालिका बालमैत्री घोषणा हुँदा के कुराको सकारात्मक परिवर्तन हुन्छ ?**

**लामिछाने :** यसले धेरै ठूलो कुराको प्रभाव पार्छ । बालमैत्री नहुँदा हामीले जति पनि घटनाहरु देख्छौं र हेर्छौं, होटलमा खाना खान जाँदा होस् अथवा ग्यारेजमा मोटरसाइकल मर्मत गर्न जाँदा हामीले त्यहाँ बच्चाहरु काम गरिरहेका रहेछन् मात्रै भन्ने गरेका थियौं । तर, अब हामीले त्यो हेरेर चुप लागेर कोही पनि बस्दैनन् । त्यसैगरी बालविवाह हुँदैन । गाउँघरमा बालबालिकाको मागी विवाह त धेरै कम भइसकेको छ । भागेर विवाह गर्नेको कुरा पनि कसैले थाहा पाउनुभयो भने तुरुन्त जानकारीमा आउँछ र त्यो विवाहलाई बदर गरेर २० वर्षपछि हुनेगरी हामी अगाडि बढ्छौं ।

**समाज : हेटौंडा अस्पतालको तथ्याङ्कलाई हेर्दाँ भने किशोरी आमाहरुको संख्या उत्तिकै देखिन्छ ।**

**लामिछाने :** हेटौंडा उपमहानगरपालिकामा रहेको हेटौंडा अस्पतालमा सुत्केरी हुने आमाहरु कहाँका हुनुहुन्छ ? स्थायी ठेगाना हेर्नुपर्ने हुन्छ । अस्पतालमा सेवा लिने त बाहिरी जिल्लाका पनि हुनुहुन्छ । बाहिरी मुलुकमा बसोबास गरेर सुत्केरी हुनका लागि पनि यहाँ आउनु भएको हुन सक्छ । अझै पनि दूरदराजमा रहेका किशोरीहरु भागी विवाह गर्ने र किशोरावस्थामै गर्भवती बन्ने खालको प्रचलनले गर्दा पनि तथ्याङ्क देखिएको हो । हामीले धेरै जस्तो हेर्दा तराइका बासिन्दाहरु पनि यहाँ आउने र अन्य पालिकाहरुका किशोरी आमाहरु पनि आएर सेवा लिने भएको हुनाले सबै तथ्याङ्क हेटौंडा उपमहानगरपालिकाकै हो भनेर भन्न सक्ने अवस्था छैन ।

**समाज : अब बालमैत्री भनेपछि हरेक संरचनाहरु, हाम्रो पूर्वाधारहरु, वस्तुस्थिति, बालबालिका जोखिममा नरहने हुनुपऱ्यो भन्ने कुरा छ । तर, हेटौंडा उपमहानगरपालिकाको मुख्य कार्यालय अगाडिकै सडक छेउका नै ढल नै खुला छ, छोपिएको छैन । त्यो त बालबालिकाको हिसाबले बालमैत्री नभएर जोखिमयुक्त छैन र ? कसरी हामी बालमैत्री भयौं ?**

**लामिछाने :** सबै पूर्वाधारको हिसाबले हेर्ने हो भने बालबालिकाको जोखिमलाई हेरेर हामीले बालबालिका मैत्री बनाउनुपर्छ । विस्तारै बनाउँदै जाने प्रक्रियामा पनि छौं हामी ।

**समाज : हेटौंडा उपमहानगरपालिकालाई बालमैत्री घोषणा गर्ने अन्तिम चरणमा छौं । यसलाई कायमै राख्ने कुरामा कर्मचारी प्रशासन, जनप्रतिनिधि, नागरिक समाज, हेटौंडा उपमहानगरका सरोकारवाला सबै व्यक्तिमा कस्तो सन्देश प्रवाह भएको छ ?**

**लामिछाने :** अहिले हामीले जति पनि संरचना तयार गरेका छौं, त्यो संरचनालाई निरन्तरता र दिगोपनाका लागि बालबालिकाको पञ्चवर्षीय लगानी योजना प्रत्येक वडामा बनेर सुनिश्चित भइसकेको छ । त्यसैगरी पञ्चवर्षीय योजना, रणनीतिक योजना बनेर तयार भइसकेको छ । यसका लागि हामीले सम्पर्क कर्मचारी पनि तोकेका छौं । हामीले बाल समूहका बैठकहरु नियमित गर्ने, गराउने, सञ्जालका गतिविधिहरुलाई नियमित राख्नका लागि विभिन्न संघसंस्थाहरुसँग सहकार्य गर्ने गरेका छौं । आफ्नो आफ्नो कार्यक्षेत्रमा रहने बालबालिकाहरुलाई चाहिँ सक्रिय गर्ने र पुन:गठन गर्ने सूचीकृत गर्ने गराउने नियमित गराउनका लागि अतिरिक्त क्रियाकलाप सञ्चालन गर्नका लागि पनि संघसंस्थाहरु छन् ।

# धादिङ, चितवन र सिन्धुलीमा दुर्घटनामा ३ जनाको मृत्यु

*समाज संवाददाता*

धादिङ जिल्लाको थाक्रे गाउँपालिका-७, सातकिलोमा बस अनियन्त्रित भई पल्टँदा १ जनाको मृत्यु भएको छ । आइतबार राती १० बजेको समयमा पृथ्वीलोकमार्गमा भक्तपुरबाट चितवनको देवघाटतर्फ जाँदै गरेको बा ३ ख ८९२३ नम्बरको बस आफैं अनियन्त्रित भई सडकछेउमा पल्टँदा बसमा सवार एक जना महिलाको मृत्यु भएको बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडाले जानकारी दिएको छ । दुर्घटनामा दोलखाको भिरकोट गाउँपालिका बस्ने ५० वर्षीया पार्वती काफ्लेको उपचारको क्रममा मृत्यु भएको हो । दुर्घटनामा ३ जना गम्भीर घाइते भएका छन् भने १४ जना मध्यम र ७ जना सामान्य घाइते भएको प्रहरीले जानकारी दिएको छ ।

चितवन जिल्लाको भरतपुर महानगरपालिका-१४, भावनाचोकमा कार र मोटरसाइकल एक-आपसमा ठोक्किएर दुर्घटना हुँदा मोटरसाइकलमा सवार एकजनाको मृत्यु भएको छ । आइतबार साँझ ५ बजेर ४५ मिनेटको समयमा भित्री सडकखण्डमा गीतानगरबाट पार्वतीपुरतर्फ जाँदै गरेको बा प्र ०१-०२९ च ७५९७ नम्बरको कार र शिवनगर स्कुलबाट हनुमान नगरतर्फ जाँदै गरेको बा प्र ०६-००१ प ५०४८ नम्बरको मोटरसाइकल एक-आपसमा ठोक्किएर दुर्घटना भएको बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडाले जानकारी दिएको छ ।

दुर्घटनामा मोटरसाइकल चालक कालिका नगरपालिका-८, शक्तिखोरका २० वर्षीय प्रदीप खत्री र पछाडी सवार भरतपुर-१४ का २१ वर्षीय रोशन अधिकारी घाइते भएका थिए । घाइते दुवै जनालाई उपचारका लागि चितवन मेडिकल कलेज लगिएको थियो । घाइते रोशनको उपचारको क्रममा सोमबार बिहान ५ बजेको समयमा मृत्यु भएको प्रहरीले जानकारी दिएको छ । कार चालक भरतपुर महानगरपालिका-२० का ३४ वर्षीय सविनराज लामिछानेलाई प्रहरीले नियन्त्रणमा लिएको छ ।

सिन्धुली जिल्लाको कमलामाई नगरपालिका-१, बलौटामा ट्याक्टर दुर्घटना हुँदा बालकको मृत्यु भएको छ । मृत्यु हुनेमा ट्याक्टरमा सवार १४ वर्षीय अर्जुन माझी रहेको बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडाले जानकारी दिएको छ । आइतबार साँझ ६ बजे ४५ मिनेटको समयमा मदन भण्डारी राजमार्गमा सिन्धुलीबाट मरिणतर्फ जाँदै गरेको सिमेन्ट र रड लोड भएको ट्याक्टर दुर्घटना भएको थियो । दुर्घटनामा घाइते भएका माझीको उपचारको क्रममा काठमाडौंस्थित केएमसी अस्पताल काठमाडौंमा मृत्यु भएको हो । उपचारको क्रममा माझीको आइतबार दिउँसो ३ बजेको समयमा मृत्यु भएको प्रहरीले जनाएको छ ।

# प्रणामी युवाद्वारा खाना सहयोग

*समाज संवाददाता*

हेटौंडा : श्रीकृष्ण प्रणामी युवा परिषद् नेपाल मूलमिलावा धाम प्रारम्भिक समिति हेटौंडा-६ गौरिटारले असहायलाई खाना वितरण गरेको छ । सोमबार साँझ सडक तथा घरका पेटीमा बेसहारा जीवन बिताइरहेका ३० जनालाई खाना वितरण गरेको छ । धामका अध्यक्ष प्रदीप बास्तोलाको अध्यक्षता तथा श्रीकृष्ण प्रणामी युवा परिषद्को केन्द्रीय समिति उपाध्यक्ष प्रमोद वाग्लेको उपस्थिति रहेको थियो । धामका उपाध्यक्ष कृष्ण सुन्दर खतिवडाको संयोजकत्वमा खाना खुवाउने कार्य भएको हो ।

# ७५० लिटर अवैध घरेलु मदिरा नष्ट



*समाज संवाददाता*

हेटौंडा: जिल्ला प्रहरी कार्यालय बाराले ७५० लिटर अवैध घरेलु मदिरा नियन्त्रणमा लिएर नष्ट गरेको छ । आइतबार बिहान ७ बजेको समयमा इलाका प्रहरी कार्यालय अमलेखगञ्जबाट खटिएको प्रहरी टोलीले जीतपुर सिमरा उपमहानगर पालिका-२१, अमलेखगञ्ज चोकबाट अवैध मदिरा बरामद गरेको हो ।

हेटौंडाबाट वीरगञ्जतर्फ जाँदै गरेको सवारी साधनहरु रोकी सुरक्षा जाँच गर्दा अवैध मदिरा बरामद गरेको जिल्ला प्रहरी कार्यालय बाराले जानकारी दिएको छ । लुकाइछिपाई राखेको २५ पोका र ५ ओटा ग्यालनबाट प्रहरीले ७५ हजार रुपैयाँ बराबरको ७५० लिटर अवैध मदिरा बरामद गरेको हो । बरामद गरेको मदिरा नष्ट गरिएको प्रहरी प्रवक्ता तथा सूचना अधिकारी प्रहरी नायब उपरीक्षक प्रकाश सापकोटाले जानकारी दिनुभयो ।

# सहकारीद्वारा मानवसेवा आश्रमलाई सहयोग




*समाज संवाददाता*

हेटौंडा: हेटौंडा-५ स्थित सञ्जीवनी बचत तथा ऋण सहकारी संस्था लिमिटेडले मानवसेवा आश्रमलाई सहयोग गरेको हो । सहकारीले शनिवार हेटौंडा-९ स्थित आश्रमलाई १५ हजार नगद सहयोग गरेको हो ।

सहकारीमा बाल बचत खाता खोलेका ८ देखि १६ वर्षसम्मका ३५ जना बालबालिकालाई संस्कार सिकाउने उद्देश्यले आश्रममा लगिएको सहकारीका व्यवस्थापक प्रकाशबहादुर खनालले जानकारी दिनुभयो । सहकारीको वार्षिक कार्यतालिकाअनुरुप उक्त सहयोग गरेको उहाँले बताउनुभयो ।


## रोजगारीको अवसर

यस पुनम सप्लायर्सका लागि बजार प्रतिनिधि (Sales Man) को आवश्यकता भएको हुँदा इच्छुक, योग्य व्यक्तिहरुबाट दरखास्त आव्हान गरिन्छ ।

- **तह पद** : बजार प्रतिनिधि (Sales Man)
- **संख्या** : ६ जना ।
- **उमेर** : १८ वर्ष पुरा भएको ।
- **शैक्षिक योग्यता** : साधारण लेखपढ ।
- **आवश्यक कागजात** : नागरिकताको प्रतिलिपि, फोटो, शैक्षिक प्रमाणपत्र ।
- **निवेदन दस्तुर** : रु. ५००/-
- **सेवा सुविधा** : १५,०००/- देखि १,००,०००/-



**सम्पर्क**
मोबाइल नम्बर ९८५५०७३४९८, ९८०४२०४९६६
स्थान: हेटौंडा-१ राप्तीरोड मकवानपुर


# किन बदल्नुपर्छ ...

धेरै मात्रामा रासायनिक मल प्रयोग गर्नुपर्ने हुन्छ, जसले खेतीको लागत थप उच्च बनाउँछ ।

समाधान के ?

बालीनाली जलाउने अभ्यासलाई निरुत्साहित गर्न सरकार, निजी क्षेत्र र किसानबीच समन्वय र सहकार्य आवश्यक छ । यहाँ केही समाधानका उपायहरू उल्लेख गरिएको छ:

१. प्राविधिक समाधान

ह्याप्पी सिडर मेसिनको प्रयोगले बालीनाली अवशेषमा नै अर्को बाली लगाउन मद्दत गर्छ । त्यस्तै, बायोचार प्रविधिले बालीनाली अवशेषलाई कम्पोस्ट र जैविक मलमा परिणत गर्न सकिन्छ । प्याडी स्ट्र चपर मेसिनले अवशेषलाई सानो टुक्रामा परिणत गरेर माटोमा छिट्टो मिसिन मद्दत पुऱ्याउँछ ।

२. वैकल्पिक प्रयोग

बालीनाली अवशेषलाई बायोइथेनोलमा परिवर्तन गरी नवीकरणीय ऊर्जा उत्पादन गर्न सकिन्छ । धान र गहुँको अवशेषबाट कागज र जैविक प्याकेजिङ सामग्री उत्पादन पनि गर्न सकिन्छ । त्यस्तै, गहुँ र अन्य बालीनालीका अवशेषलाई पशुचारा बनाउन प्रयोग गर्न सकिन्छ ।

३. किसानहरूको सशक्तीकरण

बालीनालीका अवशेष व्यवस्थापनका विकल्प बारे किसानलाई जानकारी दिनुपर्छ । किसानलाई बालीनाली जलाउँदा हुने असर र वैकल्पिक उपायका फाइदाबारे जानकारी दिनुपर्छ । यसलाई व्यवस्थापन गर्ने मेसिन खरिदका लागि सरकारी अनुदान र सहुलियत दरमा ऋण उपलब्ध गराउनुपर्नेछ ।

### सरकारी नीति र क्षेत्रीय पहल

दक्षिण एशियाली देशहरुले बालीनाली व्यवस्थापनका लागि विभिन्न नीतिहरु अवलम्बन गरेका छन्, तर यी प्रयासहरु प्रायः सीमित र प्रभावहीन साबित भएका छन् ।

सन् २०१४ मा भारतले राष्ट्रिय बालीनाली व्यवस्थापन नीति (एनपीएमसीआर) लागू गऱ्यो । यसअन्तर्गत किसानहरूलाई अवशेष व्यवस्थापन मेसिन खरिदमा ५०-८० प्रतिशत सब्सिडी प्रदान गरिएको छ । त्यस्तै, नेशनल क्लिन एयर प्रोग्राम (एनसीएपी) अन्तर्गत सन् २०२४ सम्म पीएम २.५ प्रदूषणमा २०-३० प्रतिशत कमी ल्याउने लक्ष्य राखिएको छ ।

यता, नेपालमा भने ठोस नीति नभए पनि तराई क्षेत्रका किसानहरूलाई वैकल्पिक प्रविधि प्रयोग गर्न प्रोत्साहन गर्नुपर्छ । नियमित प्रशिक्षण कार्यक्रम र पाइलट परियोजनाहरु सञ्चालन गर्नुपर्छ ।

दक्षिण एशियाली सहकारी वातावरण कार्यक्रम (एसएसीईपी) अन्तर्गत अन्तरदेशीय सहयोगले प्रदूषण न्यूनीकरणमा भूमिका खेल्न सक्छ ।

बालीनाली जलाउने प्रचलनले वातावरण, कृषि र मानव स्वास्थ्यमा गम्भीर असर पुऱ्याएको छ । यसको प्रभावलाई न्यूनीकरण गर्न प्रविधि, नीतिगत सुधार र किसानहरूको व्यवहार परिवर्तन अपरिहार्य छ ।

यी समस्याको दिगो समाधान खोज्नुपर्छ । कृषि क्षेत्रलाई दिगो र नवप्रवर्तनशील बनाउन जैविक समाधान र नवीकरणीय ऊर्जातर्फ लगानी बढाउनुपर्छ । किसानहरुको सक्रिय सहभागिता र आर्थिक प्रोत्साहन प्रभावकारी साबित हुन सक्छ ।

(कृषि विज्ञानमा स्नातकोत्तर खनाल डेढ दशकदेखि कृषि क्षेत्रमा कार्यरत छन् । स्रोत: अनलाईनखबर)


•पैदलयात्रीले सडक पेटीको प्रयोग गर्ने गरौं ।
•जेब्रा क्रसिङ प्रयोग गर्ने पैदलयात्रीलाई बाटो काट्न प्राथमिक दिऔं ।
•ट्राफिक नियमको पालना गरेर सुरक्षित यात्रा सुनिश्चित गरौं ।



## सूचना । सूचना । सूचना ।

मिति २०८१/१०/२४ गतेदेखि २०८१/१०/३० गतेसम्म भेडा, बाख्रामा लाग्ने महामारी पि पि आर रोग नियन्त्रण तथा रोकथामका लागि सप्ताहव्यापी खोप अभियान संचालन हुन गइरहेकाले आफ्ना भेडा बाख्राहरुलाई पि पि आर रोग विरुद्धको खोप लगाउन नजिकको पशु सेवा शाखामा सम्पर्क गर्नुहुन सबैमा अनुरोध छ ।

पि पि आर भेडा बाख्रामा विषाणुको कारणले लाग्ने महामारी रोग हो । यो रोग लागिसकेपछि संक्रमित पशुको मृत्युदर १०४ देखि ९०% सम्म हुने र ठूलो आर्थिक क्षति हुने भएकाले यस रोग विरुद्ध खोप लगाई आफ्ना पशुधनलाई सुरक्षित गर्नु उचित हुनेछ ।

**नोट:** परिचयपत्र प्राप्त खोपकर्ताहरुबाट आफ्ना भेडा बाख्रालाई खोप लगाउनुहुन अनुरोध छ ।

थप जानकारीका लागि
**पशु सेवा कार्यालय, मकवानपुर**
९८५५०२७७२९, ९८४५६७४१८२

## बागमती गोल्डकप आफ्नै मैदानमा

# पूर्वप्रधानमन्त्री प्रचण्डले उद्घाटन गर्ने



*पत्रकार सम्मेलनमा प्रतियोगिताबारे जानकारी दिँदै ।*

समाज संवाददाता

हेटौँडा : मकवानपुरको बागमती गाउँपालिकामा हुन लागेको सातौं संस्करणको बागमती गोल्डकप फुटबल प्रतियोगिताको उद्घाटन नेकपा माओवादी केन्द्रका अध्यक्ष एवम् पूर्वप्रधानमन्त्री पुष्पकमल दहाल 'प्रचण्ड' ले गर्नुहुने भएको छ। आगामी फागुन ३ गतेदेखि बागमती गाउँपालिकाको आफ्नै शहीद स्मृति रंगशालामा प्रतियोगिता हुनेछ ।

मकवानपुर जिल्ला खेलकुद विकास समितिको कार्यालय परिसरमा सोमबार पत्रकार सम्मेलनको आयोजना गर्दै पालिका खेलकुद विकास समितिका अध्यक्ष रहर सिंह थिङले गाउँपालिकाको मुख्य सहयोगमा प्रतियोगिता हुन लागेको जानकारी दिनुभएको छ । गत वर्ष छैठौं संस्करणको गोल्डकप प्रतियोगिता फापरबारीको जनता माध्यमिक विद्यालयको खेलमैदानमा भएको थियो । प्रतियोगिताको उद्घाटन खेलमा आयोजक बागमती गाउँपालिका र बागमती युथ क्लब सर्लाहीको टिमबीच प्रतिस्पर्धा हुने उहाँले बताउनुभयो ।

प्रतियोगितामा ७ वटा 'ए' डिभिजन क्लब र ३ वटा मोफसलका क्लबसहित १० टिमको सहभागिता रहने उहाँले बताउनुभयो । प्रतियोगिता आयोजना गर्नका लागि गाउँपालिकाबाट २५ लाख रुपैयाँ सहयोग प्राप्त हुने उहाँले बताउनुभयो। ७४ लाख ७३ हजार रुपैयाँ खर्च हुने अनुमान गरिएको प्रतियोगिताका लागि मकवानपुरको १० वटै पालिकाबाट, सिन्धुली जिल्लाको मरिण गाउँपालिका र हरिहरपुरगढी गाउँपालिकासँग पनि सहयोगका लागि पहल गरिएको उहाँले बताउनुभयो ।

पत्रकार सम्मेलनमा बागमती गाउँपालिकाका अध्यक्ष सर्केश घलानले यस वर्षबाट पालिकाले खेलमैदानलाई व्यवस्थित गरेर प्रतियोगिताको आयोजना गर्न लागेको बताउनुभएको छ। पालिकाले सबै विधाका खेलको संरचना निर्माण गर्नका लागि श्रमदानका लागि पहल गरिएको बताउनुभयो । प्रतियोगिताको उपाधि विजेता टिमले १० लाख रुपैयाँसहित शिल्ड, मेडल तथा प्रमाणपत्र प्राप्त गर्नेछ भने उपविजेता टिमले ५ लाख रुपैयाँसहित शिल्ड, मेडल तथा प्रमाणपत्र प्राप्त गर्नेछ। यस्तै, प्रतियोगिताको सर्वोत्कृट खेलाडीलाई १ लाख १ हजार रुपैयाँ तथा विधागत उत्कृष्ट खेलाडीलाई जनही २५ हजार प्रदान गरिनेछ । म्यान अफ द म्याचलाई दश हजार रुपैयाँसहित ट्रफी प्रदान गरिने छ ।

गत वर्ष काठमाडौंको मछिन्द्र क्लबले उपाधि जितेको थियो भने सशस्त्र प्रहरी बलको एपीएफ उपविजेता बनेको थियो। प्रतियोगिताको फाइनल खेल फागुन १२ गते हुने आयोजकले जनाएको छ। पत्रकार सम्मेलनमा अखिल नेपाल फुटबल संघ (एन्फा) का केन्द्रीय सदस्य एव्म जिल्ला अध्यक्ष टिकाराम लामा, प्रदेश फुटबल संघका महासचिव लवराज ठकुरी, प्रदेश खेलकुद विकास परिषद्का निवर्तमान बोर्ड सदस्य माधव तिमल्सिना, मकवानपुर जिल्ला खेलकुद विकास समितिका अध्यक्ष राजकुमार मुक्तान, कार्यालय प्रमुख माधव कोइराला लगायतको उपस्थिति रहेको थियो।

# प्रधानमन्त्री क्रिकेट छनोट प्रतियोगिता आजबाट

समाज संवाददाता

हेटौंडाः दोस्रो संस्करणको प्रधानमन्त्री कप क्रिकेट छनोट प्रतियोगिता आज मंगलबारबाट सुरु हुने भएको छ। मकवानपुर जिल्ला क्रिकेट संघको आयोजनामा हेटौंडा-४ स्थित हुप्रचौरमा प्रधानमन्त्री कप क्रिकेट छनोट प्रतियोगिता सुरु हुने भएको हो ।

प्रतियोगिताको उद्घाटन खेलमा मकवानपुर क्रिकेट क्लब र क्रिकेट एकेडेमी मकवानपुर (क्यान) ११ बीच प्रतिस्पर्धा हुनेछ। मंगलबारै हुने दोस्रो खेलमा ओमनगर क्रिकेट क्लब र न्यू मर्निङ क्रिकेट क्लबबीच प्रतिस्पर्धा हुनेछ। छनोट प्रतियोगिता फागुन ४ गतेसम्म सञ्चालन हुनेछ ।

लिगकम नकआउट प्रणालीमा सञ्चालन हुने प्रतियोगितामा ६ वटा टिमको सहभागिता रहेको प्रतियोगिताका संयोजक संजोग पोखरेलले जानकारी दिनुभएको छ। नेपाल क्रिकेट संघ (क्यान) को वार्षिक क्यालेन्डरअनुसार हुन लागेको प्रधानमन्त्री कप क्रिकेट प्रतियोगितामा मकवानपुरका खेलाडीहरु सहभागी गराउन छनोट प्रतियोगिता आयोजना गरेको संयोजक पोखरेलले बताउनुभयो । प्रतियोगितामा सहभागी भएका खेलाडीहरुमध्ये पहिलो चरणमा १८ जना खेलाडी छनोट गरेपछि १४ जनालाई प्रारम्भिक सूचीमा राख्ने उहाँले बताउनुभयो ।

जिल्लास्तरीय प्रतियोगिताबाट छनोट भएका खेलाडीहरुलाई मकवानपुर जिल्ला क्रिकेट संघको नेतृत्वमा १ सातासम्म बन्द प्रशिक्षणमा राखिने उहाँले बताउनुभयो । जिल्लाबाट १४ जना छनोटमा पर्न सफल हुने खेलाडी प्रदेशको प्रधानमन्त्री कप क्रिकेटको छनोट प्रतियोगितामा सहभागी हुन पाउनेछन्। प्रदेश छनोटमा मकवानपुर सहित चितवन, नुवाकोट, ललितपुर, भक्तपुर र काठमाडौं जिल्लाको टिमको सहभागिता रहने उहाँले बताउनुभयो । प्रदेशस्तरीय छनोट प्रतियोगिता फागुनको दोस्रो साताबाट हुने उहाँले बताउनुभयो ।



प्रतियोगिता आयोजना गर्नका लागि ४ दिन पहिला नै पिच निर्माणको काम गर्न सुरु गरेको उहाँले बताउनुभयो । उहाँका अनुसार क्रिकेटको सबै प्रतियोगिताहरु हेटौंडाको हुप्रचौरमा हुने भएकाले टर्गसहितको पिच निर्माण गरिएको छ। प्राधनमन्त्री कप क्रिकेट छनोट प्रतियोगिताको माध्यमबाट मकवानपुरका बायाँहाते तीब्र गतिका बलर रिजन ढकाल राष्ट्रियस्तरको प्रतियोगितामा सहभागी हुन सफल भएको उहाँले बताउनुभयो । प्रतियोगिता आयोजनाका लागि मकवानपुर क्रिकेट संघले १ हप्ता पहिला नै टिम दर्ता प्रक्रिया सुरु गरेको उहाँले बताउनुभयो ।

प्रतियोगितामा सहभागी भएका ६ वटा टिमहरुबीच प्रतिस्पर्धा गराएर उत्कृष्ट खेलाडी छनोट गरेर प्रदेशमा सहभागी गराइने उहाँले बताउनुभयो । जिल्ला अध्यक्ष करण महतरा क्षेत्री, सचिव बिनोद बानियाँ र धिरज श्रेष्ठले खेलाडी छनोट गर्नुहुने उहाँले बताउनुभयो। प्रतियोगिता अयोजनाको क्रममा आर्थिक सहयोगमा लागि हेटौंडा उपमहानगरपालिका ४ नम्बर वडा कार्यालयसँग सहयोगको पहल गरेको संयोजक पोखरेलले बताउनुभयो । प्रतियोगिता सम्पन्न गर्नका लागि २ लाख रुपैयाँ खर्च हुने अनुमान गरिएको उहाँले बताउनुभयो ।

हुप्रचौरको मैदानको संरचना निर्माण गर्नका लागि ६० देखि ७० हजार रुपैयाँको हाराहारीमा खर्च हुने अनुमान गरिएको उहाँले बताउनुभयो । गत वर्षको प्रधानमन्त्री कप क्रिकेट प्रतियोगितामा मकवानपुरबाट रिजन ढकालमात्र सहभागी भएको उहाँले बताउनुभयो । गत वर्ष सम्पन्न भएको प्रतियोगिताको फाइनल खेलमा मकवानपुर क्रिकेट क्लबले ओमनगर क्रिकेट क्लबलाई ३९ रनले पराजित गर्दै उपाधि उचाल्न सफल भएको थियो ।

प्रतियोगिताको उपाधि विजेता र उपविजेता टिमले शिल्ड, मेडल तथा प्रमाणपत्र प्राप्त गर्नेछन् भने सर्वोकृष्ट खेलाडी, सर्वोकृष्ट व्याट्सम्यान, सर्वोकृष्ट बलरलाई पनि ट्रफी, मेडल तथा प्रमाणपत्र प्रदान गरिनेछ ।

# भीमफेदीमा ग्यास बुलेट दुर्घटना

समाज संवाददाता

हेटौँडा : त्रिभुवन राजपथअन्तर्गत मकवानपुरको भीमफेदी गाउँपालिका-१, रातोमाटेमा ग्यास बुलेट दुर्घटना भएको छ। दुर्घटनाका कारण उक्त सडक खण्ड एकतर्फी मात्रै सञ्चालन भएको छ ।

हेटौँडा बजारबाट भैंसेतर्फ जाँदै गरेको एनएल ०१ के ११९७ नम्बरको १२ चक्के भारतीय ग्यास लोड बुलेट गाडी दुर्घटना भएको हो । आइतबार राति करिब ९ बजेतिर दुर्घटना भएको ग्यास बुलेटका कारण बाटो अवरुद्ध भएको थियो। ग्यास बुलेट पल्टिएपछि भित्तातर्फ खोलेर अस्थायी रुपमा साना सवारी साधनलाई एकतर्फी बाटो खोलिएको मकवानपुर प्रहरी प्रवक्ता डिएसपी श्याम् अर्यालले जानकारी दिनुभएको छ।



ग्यास बुलेट दुर्घटनामा मानवीय क्षति भने नभएको उहाँको भनाई छ । प्रहरी प्रवक्ता अर्यालका अनुसार ग्यास बुलेटको चालक र सहचालक दुबैजना सकुशल छन् । प्रवक्ता अर्यालले साँघुरो बाटो र अप्ठ्यारो भूगोलका कारण बुलेट दुर्घटना भएको हुनसक्ने बताउनुभयो । उहाँले पल्टिएको ग्यास बुलेट उठाउन क्रेन चितवनदेखि ल्याउनुपर्ने अवस्था रहेको बताउनुभयो। सोमबार साँझ क्रेन आइपुगे पनि ग्यास बुलेट उठाउन नसकिएको र मंगलबार बिहानबाट ग्यास बुलेट उठाइने प्रवक्ता अर्यालले जानकारी दिनुभयो । प्रहरी प्रवक्ता अर्यालले भरी ग्यास बुलेटबाट कुनै किसिमको जोखिम भने नरहने स्पष्ट पार्नुभएको छ। उहाँले ग्यास बुलेट उठाउने र सवारी आवतजावतमा सावधानी अपनाइरहेको बताउनुभयो ।

हार्दिक बधाई



मकवानपुर जिल्ला तेक्वान्दो संघका सदस्य तथा जनज्योति तेक्वान्दो डोजाङका प्रमुख **बिमल बिक** भारतको पुनेमा हालै भएको तेक्वान्दो खेलसम्बन्धी अन्तर्राष्ट्रिय निर्णायकको परीक्षामा उत्तीर्ण हुनुभएकोमा हार्दिक बधाई ज्ञापन गर्दै उहाँको सफलताले मकवानपुर जिल्लासँगै राष्ट्रियस्तरमै तेक्वान्दो खेलको विकासमा महत्वपूर्ण सहयोग पुग्ने अपेक्षासहित उहाँको आगामी दिनमा निरन्तर सफलताको शुभकामना व्यक्त गर्दछौं ।

लालकाजी रत्न बज्राचार्य, अध्यक्ष
एवम् मकवानपुर जिल्ला तेक्वान्दो संघ परिवार
हेटौँडा, मकवानपुर

हेटौडा उपमहानगरपालिका कार्यालयको अत्यन्त जरुरी सुचना

प्रस्तुत विषयमा यस हेटौडा उपमहानगरपालिका अन्तर्गत "घ' वर्गको निर्माण ईजाजतपत्र लिई काम गर्दै आउनु भएको तर मिति २०७७०७२५ देखि इजाजतपत्र नविकरण हुन बांकी रहेको "घ' वर्गका व्यवसायीहरुलाई हेटौडा उपमहानगरपालिका "घ' वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्बन्धी कार्यविधि, २०७५ को पाचौं संशोधन कार्यविधी, २०८१ को दफा ३ को उपदफा ४ बमोजिम अनुसुचि-२ बमोजिम लाग्ने दस्तुरमा थप रु. ३०,०००।०० (तीस हजार) दस्तुर तिरी मिति २०८२।०१।०१ सम्मको लागि इजाजतपत्र नविकरण अवधि थप गरिएको व्यहोरा सम्बन्धीत सबैमा यसै सुचनाद्धारा जानकारी गराईन्छ। साथै तोकिएको अवधि भित्र नवीकरण हुन नआउने "घ' वर्गका निर्माण व्यवसायीको ईजाजत पत्र स्वतः खारेज भएको मानिने व्यहोरा समेत अनुरोध छ ।

हेटौंडा उपमहानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
हेटौंडा, मकवानपुर
बागमती प्रदेश नेपाल

आदरणीय वडावासीहरुमा जानकारीका लागि अनुरोध

नेपालको सविधानको भाग ३, मौलिक हकको धारा ३९ मा बालबालिकाको हकसम्बन्धी व्यवस्था भएको स्थानीय सरकार सञ्चालन ऐन, २००४ तथा बालबालिकासम्बन्धी ऐन, २०७५ समेतलाई कार्यान्वयन गर्न। गराउनका लागि यो वडा तत्पर रहेको हुँदा २० वर्ष मुनिका किशोर-किशोरीहरुले विवाह गरे गराएका दुबै पक्ष कानुन बमोजिम दण्डनीय भई उक्त २० वर्ष मुनिको विवाह दर्ता नहुने र स्वतः बदर हुने भएकाले आ-आृनो तर्फबाट सचेत भई अरुलाई समेत सचेत गराई कानुनको पालना गर्न गराउनका लागि हार्दिक अनुरोध गर्दछौं ।

साथै १४ वर्ष मुनिका बालबलिकालाई निष्कृष्ट प्रकारको श्रम (जस्तै मोटर ग्यारेज, होटेल, गिट्टी बलुवा ढुवानी आदि) मा नलगाउनु हुन र विद्यालयमा भर्ना गराई नियमित रुपमा पठानपाठन कार्यमा संलग्न गर्न, गराउनु हुन हार्दिक अनुरोध छ । यदि वडा भित्र माथि उल्लेखित कानुन विरुद्धका कार्यहरु भए गरेमा कानुन बमोजिम भई जाने व्यहोरा पनि जानकारी गराइन्छ ।

नरनाथ सुवेदी, वडाध्यक्ष
एवम् १९ नम्बर कार्यालय
हेटौँडा उपमहानगरपालिका




हेटौंडा रिफरेन्स ल्यावरोटरी

ELISA, CLIA तथा फुल्लि अटोमेटेड मेसिनद्वारा रगतको स्पेसल जाँचहरु गरिन्छ ।



Papcytology
-थाईराईड
-क्यान्सर
-रक्तअल्पता
-वाथरोग
-बाँझोपन
-भाइरस सम्बन्धी सम्पूर्ण परीक्षण गरिन्छ ।

साथै रगत, दिसा, पिसाब, पिप कल्चर समेत गरिन्छ ।

(HRL)

खुल्ने समयः विहान ७:00 बजेदेखि बेलुका ७:00 बजेसम्म

सञ्चालनको छोटो अवधिमै हाम्रो सेवालाई विश्वास गर्दै सेवा गर्ने अवसर दिनुहुने सम्पूर्ण सेवाग्राहीप्रति आभारसहित अब प्रत्येक महिनाको दोस्रो शनिबार सुगर जाँच निशूल्क र चौथो शनिबार थाइराइड जाँचमा ५० प्रतिशत छुट हुने सहर्ष जानकारी गराउँदछौं।

थप जानकारीको लागि HRL
हेटौंडा रिफरेन्स ल्यावरोटरी
हेटौंडा-१, भिन्तुनापथ सम्पर्क फोन नं.: ०५७-५२०४५७

समृद्धि प्रकाशन प्रा.लि. द्वारा प्रकाशित, ठेगानाः हेटौंडा-४, अजरअमररोड, ०५७-५२६८३०, Email:sambridhasamaj@gmail.com, website:www.samriddhasamaj.com, प्रबन्ध निर्देशकः रोजिना श्रेष्ठ, सम्पादकः सुरेश श्रेष्ठ

## सम्पादकीय

# अनियमितताले उद्योग बन्द

देशको अर्थतन्त्रलाई चलायमान बनाउन सरकारले विभिन्न क्षेत्रका उद्योग, व्यवसायमा लगानी गरेर सञ्चालनमा ल्याएको थियो । सरकारको नीतिले निजी क्षेत्रलाई व्यापार, व्यवसायमा लगानी गर्न नसकेको अवस्थामा सरकारले नै लगानी गरेर विभिन्न सार्वजनिक संस्थान स्थापना गरेको थियो । विशेषगरी पञ्चायती शासनकालमा देशमा पाँच दर्जनभन्दा बढी सार्वजनिक संस्थान स्थापना सञ्चालन गरिएको थियो । जुनबेला देशमा हुने सबैजसो विकास निर्माणको काममा विदेशबाट आयातित सिमेन्ट प्रयोग गर्नुपर्थ्यो, त्यसैबेला सरकारले केही सिमेन्ट उद्योगमा लगानी गऱ्यो । काठमाडौंको चोभारमा हिमाल सिमेन्ट, हेटौंडामा हेटौंडा सिमेन्ट र उदयपुरमा उदयपुर सिमेन्ट उद्योग सरकारको लगानीमा खुल्यो । यी तीनवटै उद्योगबाट गुणस्तरीय सिमेन्ट उत्पादन हुन्थ्यो र पालो कुरेर खरिद गर्नेहरु हुन्थे, जुन अब लगभग इतिहास भइसकेको छ ।

पूर्ण सरकारी स्वामित्वको यी तीनवटै सिमेन्ट उद्योग अहिले सञ्चालनमा छैनन् । वातावरणीय मुद्दाका कारण बन्द गराइएपछि चोभारको हिमाल सिमेन्ट उद्योग दशकौंसम्म खण्डहर बनेर बस्यो । अहिले उक्त उद्योगको सबै संरचना हटाएर त्यहाँ सुख्खा बन्दरगाह बनाइएको छ । उदयपुर सिमेन्ट र हेटौंडा सिमेन्ट उद्योग पनि अहिले बन्द अवस्थामा छन् । सरकारी नियमन फितलो बन्नु, राजनीतिक स्वार्थबाट प्रेरित भएर उद्योग सञ्चालक समिति बनाइनु र समिति पनि दलीय राजनीतिभन्दा बाहिर आउन नसक्नु, उद्योगको समग्र व्यवस्थापनको जिम्मा पाएको उच्च तहका कर्मचारी अनियमितता र भ्रष्टाचार गर्न उद्यत भइदिँदा उद्योग निरन्तर घाटामा रहेको छ । सरकारी लगानी र स्वामित्व भएकै कारण उद्योगमा चरम राजनीति हुँदा उद्योग धराशायी बनिरहेको छ । ६ महिनाभन्दा बढी समयदेखि बन्द रहेको हेटौंडा सिमेन्ट उद्योग सञ्चालनमा ल्याउन कामदार/कर्मचारी, उद्योग व्यवस्थापन, सञ्चालक समिति, सम्बद्ध सरकारी निकाय कसैले पनि आवाज उठाउने र चासो दिने काम नहुनुले उद्योग सधैंका लागि बन्द हुने सम्भावना देखिएको छ ।

केही दिनअघि हेटौंडा सिमेन्ट उद्योग सञ्चालनका लागि दबाब दिने उद्देश्यले स्थानीय बासिन्दाले बनाएको संघर्ष समितिले उद्योग व्यवस्थापनलाई ध्यानाकर्षणपत्र बुझाएको छ । उक्त कार्यक्रममा उद्योगमा रहेको आधिकारिक मजदुर संगठनहरु तथा कर्मचारीले बेवास्ता गरेको संघर्ष समितिले आरोप लगाएको छ । तर, स्थानीय संघर्ष समितिले आइतबार पत्रकार सम्मेलन गर्दै मजदुर संगठन मजदुरको पक्षमा नरहेको भन्ने आरोपप्रति असन्तुष्टि जनाएको छ । सरकार, सञ्चालक समिति, उद्योग व्यवस्थापन, कर्मचारी र कामदारकै लापरबाहीले उद्योग बारम्बार बन्द भइरहेको जगजाहेर छ । विगतमा पनि हेटौंडा सिमेन्ट उद्योग घाटामै चलाइएको थियो । आर्थिक वर्ष २०७२/०७३ देखि लगातार तीन वर्षसम्म क्रमशः ३०, २२ र २३ करोड नाफा कमाएको उद्योगले त्यसपछि फेरि वर्षेनि घाटा व्यहोरिरहेको छ ।

उद्योगमा हुने गरेको भ्रष्टाचार र अनियमितता रोक्न सके उद्योग नाफामा जाने निश्चित छ । उद्योगले सिमेन्ट उधारोमा बिक्री गरेर बाँकी भएको बक्यौता समयमै उठाउन नसकेको, माटो बढी भएको चुनढुङ्गा खरिद गरेको, बजार भाउभन्दा दोब्बर मूल्यमा कोइला खरिद गर्ने गरेको जस्ता अनियमितता र भ्रष्टाचार भइरहेको उद्योगको आधिकारिक ट्रेड युनियनका नेताले बताएका छन् । बारम्बार उद्योग बन्द हुनुमा उच्च तहको व्यवस्थापनसँगै कर्मचारी तथा मजदुरको पनि कुनै न कुनै भूमिका रहने गरेको छ । अधिकांश कामदार/कर्मचारीले सरकारी उद्योग, प्रतिष्ठान तथा कार्यालयलाई जागिर खाने थलोको रुपमा मात्र मान्ने परिपाटी छ । आफ्नो जिम्मेवारीलाई प्रभावकारीरुपमा पूरा गर्दै जवाफदेहिता बहन गर्ने कामदार/कर्मचारी न्यून संख्यामा मात्र हुनुले उद्योग उँभो लाग्न नसकेको हो । दोषजति अर्कोलाई दिएर आफूमात्र इमान्दार बन्न खोज्ने अवस्था हुँदासम्म हेटौंडा सिमेन्ट उद्योगमात्र होइन, कुनै पनि उद्योग प्रतिष्ठान नाफामा जान सक्दैन ।

## महत्वपूर्ण फोन नम्बरहरु

| | |
|---|---|
| जिल्ला प्रशासन कार्यालय ५२०४९५ | चित्लाङ इलाका ६२१००० |
| जिल्ला प्रहरी कन्ट्रोल १०० | वारुण यन्त्र १०१ |
| ट्राफिक प्रहरी १०३ | बालबालिका खोजतलास केन्द्र १०४ |
| वडा प्रहरी ५२०२९९ | बाल हेल्पलाइन १०९८ |
| पशुपतिनगर इलाका ५२०५९८ | हेलो सरकार ११११ |
| मनहरी इलाका ९८५५०९०१६१ | नेपाल टेलिकम सोधपुछ १९७ |
| भीमफेदी इलाका ६९१४६२ | एम्बुलेन्स १०२ |
| पालुङ इलाका ६२०४६७ | नेपाल विद्युत प्राधिकरण गुनासो ११५० |
| फापरबारी इलाका ६२१९८० | |

## तपाईको राशिफल



पं. ज्योतिषः तोयानाथ सुवेदी
ॐ तुलसी मेडिकल हल, हेटौंडा-८, कमाने
सम्पर्क : ९७४५०२८५५५

**मेष** : सीप र ज्ञान बढाउने समय योग रहेको रहको छ ।
**वृष** : घमण्ड र अहंकार त्याग गर्दा राम्रो रहला ।
**मिथुन** : प्रतिष्ठा र धनधान्यमा वृद्धि हुने समय छ ।
**कर्कट** : लेखाइ– पढाइ मध्यमकारक रहने योग छ ।
**सिंह** : धार्मिक कृत्यका काममा सरिक भइएला ।
**कन्या** : जनसम्पर्कको दायरा बढ्ने समय योग छ ।
**तुला** : मनोबलमा कमी कमजोरी आउने योग छ ।
**वृश्चिक** : सामाजिक काम मध्यमकारक नै मान्नुपर्ला ।
**धनु** : वैदेशिक क्षेत्रका कामबाट हानि प्राप्त होला ।
**मकर** : परीक्षा प्रतियोगितामा सफलता प्राप्त होला ।
**कुम्भ** : धार्मिक र सामाजिक काममा सरिक भइने योग छ ।
**मीन** : भेटघाटमा समय व्यतित हुने समय योग छ ।

# विद्यालय शिक्षा विधेयकमा चार प्रकारका विद्यालय व्यवस्थाबारेको प्रस्ताव



**रमेश प्रसाद लामिछाने**

सन्दर्भ :

विद्यालय शिक्षा विधेयक-२०८० हाल प्रतिनिधि सभामा छलफलकै क्रममा रहेको स्थिति छ। चालु अधिवेशनबाट यो विधेयक पारित भई नयाँ शिक्षा ऐन आउने चर्चाले शैक्षिक क्षेत्र गर्माएको छ । स्वभाविक पनि हो, २०२८ सालको शिक्षा ऐन टालटुल गर्दै आधा शताब्दी बित्नु भनेको सामान्य भन्न मिल्दैन। यो बिचमा देशको शासन व्यवस्थाले पञ्चायत काल हुँदै बहुदलीय व्यवस्था, राजतन्त्र सक्रियताको प्रयत्न, राजतन्त्रको अन्त्य, अन्तरिम अवधि र लोकतान्त्रिक गणतन्त्रमा प्रवेश गरेको पनि एक दशक हुनै लागेको छ। सँगै, दर्जनौं सरकारहरु आउने जाने र अनेकौं शैक्षिक आश्वासनहरु सुनिए । तर कार्यान्वयनमा भने सबै उदासिन र मिथ्या सावित भएकै हुन् ।

विद्यमान कानूनले विद्यालयलाई सामुदायिक र संस्थागत भनी दुई प्रकारमा व्यवस्था गरेको छ । सामुदायिक विद्यालयलाई सरकारी र संस्थागतलाई नीजि अर्थात कम्पनि ऐन अन्तर्गत संचालित विद्यालयहरु हुन भन्ने बुझ्नु पर्दछ। त्यस्तै, पछिल्लो अवस्थामा कक्षा १२ सम्मको शिक्षालाई विद्यालय शिक्षा अन्तर्गत समावेश गरिएको छ । यस आलेखमा प्रस्तुत शिर्षकले शिक्षा विधेयकलाई अन्तिम आकार प्रदानमा व्यस्त जिम्मेवार विज्ञ व्यक्तित्वहरुको ध्यानाकर्षणको अपेक्षा गरिएको छ। साथै शिक्षाका आम सरोकारवालाहरुमा पर्याप्त चर्चा र घनिभूत बहस भई उत्तम निश्कर्ष आउने छ भन्ने विश्वास लिइएको छ ।

१. यो एक विचार हो। विद्यालयलाई सरकारी, सामुदायिक, संस्थागत र नीजि गरी चार प्रकारका बनाउँदा सान्दर्भिक बन्न सक्छ भन्ने एउटा सोच हो । यो भन्दा अरु वैज्ञानिक धारणा बन्छन् भने अन्यथा मान्नु हुँदैन। संविधानले माध्यमिक तहसम्मको शिक्षालाई निशुल्क भनेको र हालका विद्यालयको अवस्था समेतलाई दृष्टिगत गर्दा वर्तमानका दुई प्रकार मात्र व्यवहारिक देखिँदैन । विद्यमान विद्यालयलाई उपयुक्त संकुचन गरी निश्चित मापदण्डका आधारमा सरकारी विद्यालय निर्धारण गर्दा राम्रो हुन्छ। यसो गर्दा हालका सामुदायिक विद्यालयहरु सबै पर्दैनन् । छानिएका र तोकिएका मात्र सरकारी घोषणा गरी त्यस्ता विद्यालयमा सरकारी शिक्षक मात्र हैन, कर्मचारी र भौतिक तथा आवश्यक अन्य सबै कुरा सरकारी कोषबाट नै व्यहोर्ने किटानीका साथ पूर्ण निशुल्क बनाउन सकिन्छ । यस्ता विद्यालयमा सम्पूर्ण व्यवस्थापन सरकारी संयन्त्र मार्फत गरिन्छ।

सीमित संख्यामा हुने भएकाले व्ययभार पनि उच्च हुँदैन । संवैधानिक मर्यादा कायम गर्न पनि सहज बन्छ। यो खाले सरकारी विद्यालय निर्धारणका लागि निश्चित मापदण्ड तयार गरी सानो कामयावी संयन्त्र मार्फत एकाध महिनामै टुङ्गो लगाउन सकिन्छ । यो विद्यमान सामुदायिक स्कूलको भागबण्डा होइन, सरकारी विद्यालयमा हालका कम्पनि ऐन अन्तर्गतका गुठी तथा नीजि स्कूलहरु पनि मापदण्डमा पर्छन् भने आउन सक्छन् । उदाहरणका लागि हालका सैनिक तथा प्रहरी स्कूलहरुलाई सरकारी स्कुलमा रुपान्तरण गर्न सकिन्छ । पालिकाहरुले पनि आफ्नो पहलमा यस प्रकारका स्कूल संचालन गर्न सक्दछन् ।

२. सामुदायिक स्कूलहरु पूर्ण सरकारी हुँदैनन् । आंशिक सरकारी अनुदानमा संचालन गर्न सकिने यस प्रकारका विद्यालयहरुमा अभिभावकको आर्थिक अवस्थाका आधारमा शुल्क तोकिने व्यवस्था गर्न सकिन्छ । विपन्नलाई पूर्ण निशुल्क र आर्थिक अवस्था सवल भएकाहरुसँग शिक्षण शुल्क तोकेर नै लिन पर्दछ । शिक्षक, कर्मचारी लगायतका व्यवस्थापनमा समुदायको समेत हिस्सा तोकेर जान सकिन्छ। भौतिक संरचना र अन्य आवश्यक कुराहरुको लगानीमा समुदायसँगसँगै भागिदार बन्न सक्ने प्रावधान राख्नु पर्दछ । हाल अधिकांश सरकारी स्कूलहरुमा भइरहेको जस्तै अभ्यास यो खाले सामुदायिक स्कूलहरुमा निर्धारण गर्न सकिने गरी व्यवस्था गर्न सकिन्छ। यो प्रकारका विद्यालयमा हालका सरकारी स्कूल मात्र होइन, संस्थागतका गुठी तथा नीजि स्कूलहरु पनि निश्चित शर्तहरु पूरा गरी यस अन्तर्गत आउने ढोका खुल्ला गर्नु पर्दछ। शिक्षण संस्थाको संचालन तथा व्यवस्थापनका लागि सरकारी र नागरिक समाजको समान सहभागिता नै यस प्रकारका विद्यालयको पहिचान बन्ने छ।

३. यस आलेखमा प्रस्ताव गरिएको तेश्रो प्रकारको विद्यालयमा संस्थागत स्कूलहरु पर्दछन् । यहाँ संस्थागत भन्नाले हालका संस्थागत भन्दा भिन्न सरकारी अनुदान नपाउने तर सरकारी तालिम गोष्ठि आदिमा सहभागिताको सुनिश्चितता भएका र विद्यार्थीले तोकिएका शर्तहरुका आधारमा शुल्क तिर्नुपर्ने हुन्छ। कुनैबेला सहकारी स्कुलको चर्चा सुनेकै हो तर व्यवहारमा पाईएन । सहकारी संस्थाहरु मात्र हैन, क्लबहरु अन्तर्गत संचालित हुने, व्यावसायिक तथा पेशागत संघ संस्थाहरु अन्तर्गतका विद्यालयहरुलाई पनि संस्थागत प्रकारमा तोक्न सकिन्छ । कतिपय उद्योग कलकारखानाले संचालन गरेका विद्यालयलाई पनि यसै अन्तर्गत व्यवस्थापन गर्न सकिन्छ। कुनैबेला हेटौंडा कपडा उद्योग अन्तर्गत हेटेक्स बोर्डिङ स्कूल संचालनमा थियो। त्यस्तै विराटनगर जुट मिलमा पनि भएको सुनिएको छ । यी एकाध उदाहरण मात्र हुन्। त्यस प्रकृतिका स्कुलहरुलाई समेटेर संस्थागत बनाउन सकिन्छ। यो प्रकृतिका स्कूलहरु संगठित संस्था नै हुनुपर्ने प्रावधान राख्न पर्दछ । सामुदायिक वन समूहहरु, दुग्ध उत्पादक सहकारी संस्थाहरु, उद्योग वाणिज्य संघ तथा यातायात व्यवसायीका संस्थाहरु जस्ताले यस खाले स्कूलहरु सन्चालन गर्न सक्ने प्रावधान रहने छन्। यो एक प्रकारको व्यवसाय नै भन्न हिच्किचाउनु पर्दैन। यसमा सम्बन्धित संस्थाले नाफा घाटाको हिस्सा व्यहोर्ने प्रावधान रहने छ। यो संगठित संस्थागत सम्पत्ति हो।

४. चौथो प्रकारका विद्यालयमा नीजि स्कूलहरु पर्दछन्। यी नितान्त व्यक्तिगत हुनु पर्दछ । व्यक्तिको नीजि सम्पत्ति भएकाले यस प्रकारका विद्यालयमा सबै प्रकारका निर्णयहरु सम्बन्धित लगानीकर्ताबाट प्रचलित कानून बमोजिम हुनेछन् । यो एक नीजि व्यवसाय हुनेछ। हालका नीजि विद्यालयहरुलाई स्वेच्छिक रुपमा नीजि वा अन्य प्रकारमा सहभागी हुन ढोका खुल्ला राख्नै पर्दछ। विद्यालयको शैक्षिक तथा आर्थिक निर्णयमा पनि सम्बन्धित व्यक्ति नै केन्द्रमा रहने छन् । संचालन गर्ने वा बन्द गर्ने निर्णय पनि उनैले कानून बमोजिम गर्नेछन् ।

५. अन्तमा, उल्लेखित चार प्रकारका विद्यालयहरुको व्यवस्थापन, संचालन, अनुगमन, सुपरिवेक्षण र परीक्षा आदिका शैक्षणिक क्रियाकलाप समेतका कुराहरुमा आवश्यक विधि, प्रक्रिया बनाएर विद्यालय शिक्षालाई थप प्रभावकारी बनाउन सकिन्छ। मूल कुरो त विद्यालय शिक्षाको पाठ्यक्रम नै हो। यसमा स्थानीय तह नै बढी जिम्मेवार बन्नै पर्दछ । विद्यालय जाने उमेरका सबै बालबालिका विद्यालय गएकै हुनु पर्दछ। पैसाको कारणले कुनैपनि विद्यार्थीले पढाई छाड्नु नपरोस् भन्ने अभिप्राय सबै प्रकारमा हुनु अनिवार्य छ। शिक्षामा राष्ट्रियकरणका चर्चा, हालको निशुल्क र सशुल्क बिवाद, संस्थागतका सम्पत्ति बिवाद, संगठित संस्थाहरुका शैक्षिक आवाज, नीजि सम्पत्तिको संरक्षण, शैक्षिक गुणस्तरमा प्रतिस्पर्धा, व्यवहारिक तथा सीपमूलक शिक्षा समेतका शिक्षा सम्बन्धित सवालहरुमा निकासका लागि उल्लेखित विचार सहयोगी बन्न सक्छ भन्ने अपेक्षा गरिएको छ।

*(लामिछाने सेवानिवृत्त शिक्षक हुनुहुन्छ ।)*

# किन बदल्नुपर्छ बालीनाली अवशेष जलाउने दक्षिण एशियाली अभ्यास ?



**नवीन खनाल**

दक्षिणएशियामा बालीनाली अवशेष जलाउने प्रचलनले पर्यावरणीय संकट र कृषि उत्पादनमा गहिरो प्रभाव पारेको छ । यो प्रचलन मुख्य रूपमा भारत, नेपाल, पाकिस्तान र बंगलादेशमा व्याप्त छ, जहाँ धान र गहुँ उत्पादनपछि बाँकी रहेका अवशेष खेतमै जलाइन्छ । यसले वातावरणीय प्रदूषण, माटोको उर्वराशक्ति ह्रास तथा मानव स्वास्थ्यमा नकारात्मक प्रभाव पार्दछ ।

भारतीय कृषि अनुसन्धान परिषद् (आईसीएआर) को तथ्यांक अनुसार भारतमा मात्र वार्षिक करिब १२० मिलियन टन बाली अवशेष उत्पादन हुन्छ, जसमध्ये २३ प्रतिशत जलाइन्छ। यसले वायु प्रदूषण, माटोको गुणस्तरसँगै जैविक विविधतामा समेत ह्रास जस्ता समस्या सिर्जना गर्छ ।

यो लेख दक्षिणएशियामा बालीनाली जलाउने प्रचलनको कारण, यसका पर्यावरणीय प्रभाव, समाधानका सम्भावित उपाय तथा दीर्घकालीन समाधानतर्फ लाग्ने उपायहरुको खोजी गर्न केन्द्रित रहेको छ।

### किन जलाइन्छ बालीनालीको अवशेष ?

दक्षिणएशियामा बालीनालीको अवशेष जलाउने प्रचलन खर्च कम गर्न र फोहोरको सजिलो र छिटो समाधान खोज्ने अभ्याससँग जोडिएको छ ।

मेसिनबाट कटनीको परिणामस्वरुप बाँकी रहेका अवशेषहरूको संकलन र व्यवस्थापन महँगो हुन्छ। किसानहरु यसलाई जलाउनु नै सस्तो उपाय ठान्छन्। त्यस्तै, धानको कटनीपछि गहुँ लगाउन केवल ७-१० दिनको समय उपलब्ध हुन्छ। छिटो अर्को बाली लगाउने दबाबले पनि किसानले सहज र छरितो उपायको रुपमा अवशेष जलाउँछन् ।

श्रमिकको अभाव, जलाउनेभन्दा अरु उत्तम विकल्प बारे ज्ञान र जनचेतनाको कमी जस्ता कारणले दक्षिणएशियामा पनि खासगरी भारत र पाकिस्तानमा धान र गहुँको अवेशष धेरै जलाइन्छ । नेपालमा पनि, विशेषगरी तराई क्षेत्रका किसानहरूले यही तरिका अपनाउने गरेका छन् ।

### तथ्यांकमा हानिकारक असरहरु

बालीको अवशेष जलाउँदा निस्कने धुवाँमा कार्बनडाइअक्साइड, कार्बन मोनोअक्साइड, मिथेन, नाइट्रोजन अक्साइड र अन्य हानिकारक ग्यासहरु हुन्छन्। विश्व स्वास्थ्य संगठनका अनुसार एक हेक्टर खेतमा बाली अवशेष जलाउँदा लगभग ३ टन कार्बनडाइअक्साइड उत्सर्जन हुन्छ।

यसले वार्षिक रुपमा १,५०,००० टन पीएम २.५ कणहरु वातावरणमा थप्छ । दक्षिणएशियाका प्रमुख शहरहरुमा शरद ऋतुमा वायु गुणस्तर खतरनाक स्तरमा पुग्छ।

बालीनाली अवशेष जलाउँदा वायुमण्डलमा धेरै मात्रामा ग्यास र कण पदार्थहरु उत्सर्जन हुन्छन् । जलाइने अवशेषले ठूलो मात्रामा कार्बनडाइअक्साइड जस्ता ग्रीनहाउस ग्यास उत्सर्जन गर्छ । पार्टिकुलेट म्याटर जस्ता सानो कण पदार्थले मानिसको श्वासप्रश्वास प्रणालीलाई घातक असर पुऱ्याउँछ भने नाइट्रस अक्साइडले ग्रीनहाउस ग्यास उत्सर्जनमा धेरै नै योगदान गर्छ ।

### वायु प्रदूषणको क्षेत्रीय प्रभाव

यो भारतको पञ्जाब, हरियाणा र उत्तरप्रदेश तथा पाकिस्तानको पञ्जाब र सिन्ध क्षेत्रमा प्रदूषणको प्रमुख स्रोत बनेका छन् । नेपालका तराई क्षेत्रमा विशेषगरी मोरङ, सुनसरी र सप्तरीमा अवशेष जलाउने प्रचलनले वायु प्रदूषण उच्च बनाएको छ । यो प्रदूषणले अन्तरदेशीय सिमाना पार गरी छिमेकी देशहरुमा पनि असर पुऱ्याएको छ ।

### स्वास्थ्यमा असर

यसले श्वासप्रश्वासका समस्या ल्याउँछ। प्रदूषणले दम, ब्रोंकाइटिस र फोक्सोको क्यान्सर जस्ता रोगहरु निम्त्याउँछ । थप सचेत हुनुपर्ने कुरा, यसले बालबालिकाको स्वास्थ्यमा हानिकारक असर पुऱ्याउँछ ।

भारतमा बालीनाली जलाउने सिजनमा बालबालिकामा फोक्सो सम्बन्धी रोग तीन गुणा बढ्ने तथ्यांकले देखाएको छ । भारतको पञ्जाबमा मात्रै बालीनाली जलाउने समयमा १० प्रतिशत थप स्वास्थ्य समस्या देखापर्छ ।

### माटोको गुणस्तरमा असर

नेपाल कृषि अनुसन्धान परिषद् (नार्क) को अध्ययनहरूका अनुसार बालीनाली अवशेष जलाउँदा माटोको सतहको तापक्रम ४०-४५ डिग्री सेल्सियससम्म पुग्न सक्छ । यसले माटोका सूक्ष्म जीवाणुहरु नष्ट हुने, जैविक पदार्थको मात्रा घट्ने र पोषकतत्वहरुको ह्रास हुने र माटोको भौतिक संरचना बिग्रने जस्ता असर देखिन्छ ।

धानको अवशेष जलाउँदा ९० प्रतिशतसम्म नाइट्रोजन नष्ट हुन्छ भने २०-२५ प्रतिशत फस्फोरस र पोटासियम हराउँछ । यसबाट कार्बनको पनि ह्रास हुन्छ । माटोको जैविक कार्बन घट्दा माटोको उर्वराशक्ति र पानी अड्याउने क्षमता कमजोर हुन्छ । फलतः किसानहरुलाई माटोको उर्वराशक्ति फर्काउन

...बाँकी पृष्ठ ३ मा